**प्रस्ताव तथा निर्णय**

**प्रस्ताव न. १ - प्रदेश सरकार ५ न. प्रदेश बाट योजना माग सम्बन्धमा ।**

निर्णय न. १ - प्रस्ताव न.१ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिकावाट आर्थिक मामिला तथा योजना मन्त्रालय ५ न. प्रदेशले आगामी आ.व.०७६/०७७ का लागी समपुरक अनुदान रु एक करोड पचास लाख वरावरको योजना माग गरे अनुसार सिचाई कार्यका लागी गाउँपालिका स्तरिय डिप ट्युवेल योजना माग गर्न सर्व सम्मतिवाट निर्णय गरियो ।

**प्रस्ताव न. २ - प्रदेश सरकार ५ न. प्रदेश बाट योजना माग सम्बन्धमा ।**

निर्णय न. २ - प्रस्ताव न.२ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिकावाट तपसिल अनुसारको योजना ५ न.प्रदेश सरकारबाट माग गर्न सम्मतिबाट निर्णय गरियो ।

**तपसिल**

१. वार्ड न.३ ई.प्र.का.मर्चवार देखि वार्ड न.४,६,७ मन्फरिया सम्म जाने सडक कालेपत्रे आयोजना

अनुमानित रकम रु.चार करोड

२. मर्चवारी गा.पा.वार्ड न.६ फुलवरिया चोक देखि दुई मुहान घाट सम्म कृषि सडक कालेपत्रे आयोजना

अनुमानित रकम रु.चार करोड

३.मर्चवारी गा.पा.५ ओडवलिया चोक देखि मर्चवारी माई मन्दिर सम्म सडक कालेपत्रे आयोजना

अनुमानित रकम रु.तीन करोड

४. मर्चवारी गा.पा.वार्ड न.४ ओडवलिया चोक देखि खैरा वडा न.४ को वडा कार्यालय सम्म सडक कालेपत्रे आयोजना

अनुमानित रकम रु.तीन करोड

५.कृषि कार्य सिचाई गर्नका लागी मर्चवारी गा.पा.वार्ड न.१ देखि ७ सम्म बोरिङ जडान आयोजना

अनुमानित रकम रु.तीन करोड

**प्रस्ताव न. ३ - आन्तरिक लेखा परिक्षण सम्बन्धमा ।**

निर्णय न. ३ - प्रस्ताव न.३ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिका को आ.व.०७५/०७६ को सम्पुर्ण आर्थिक कारोबारको आन्तरिक लेखा परिक्षण का लागी कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देही सित अनुरोध गर्न निर्णय गरियो ।

**प्रस्ताव न. ४ - अनुगमन समिति गठन सम्बन्धमा ।**

निर्णय न. ४ - प्रस्ताव न.४ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिका को आ.व.०७५/०७६ मा संचालित सम्पुर्ण योजना / परियोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्नका लागी गा.पा.उपाध्यक्षको संयोजकत्वमा तोकिए बमोजिमको सदस्यहरु रहने गरी अनुगमन समिति गठन गरियो ।

**प्रस्ताव न. ५ - बाटो निर्माण कार्यमा देखिएको समस्या सम्बन्धमा ।**

निर्णय न. ५ - प्रस्ताव न.५ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिका वार्ड न.१ देखि ७ सम्म सडक फराकिलो गर्नका लागी हाल सडक अतिकमण गरेका घरधनीहरुको घर प्रचलित कानुन बमोजिम भत्काउने निर्णय गरियो ।

Scanned by CamScanner

**प्रस्ताव न. ६- केन्द्र सरकार बाट योजना माग गर्ने सम्बन्धमा ।**

निर्णय न. ६ - प्रस्ताव न.६ माथी छलफल गर्दा यस मर्चवारी गाउँपालिका वार्ड न.३ इस्लामपुर चोक देखि गंगोलिया,पतिलहा हुदै महराजगन्ज सम्म सडक कालेपत्रे ( अुमानित लागत रकम रु.५ करोड ) योजना केन्द्र सरकारबाट माग गर्न सर्व सम्मतिबाट सम्मतिबाट निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७३।०२।०७

Scanned by CamScanner